# व्यक्तिगत जीवनमा धक्का नपुऱ्याइदिन पलको आग्रह

**हिमालय टाइम्स**
**काठमाडौं, १० फागुन**



नेपाली चलचित्र क्षेत्रका लोकप्रिय नायक पल शाह र गायिका समिक्षा अधिकारीबीचको प्रेम सम्बन्धको चर्चा चलचित्र नगरीमा निकै भइरहेको छ । पछिल्लो समय पल र समीक्षासँगै केही अन्य व्यक्ति बसेर गरेको छलफल भन्दै सार्वजनिक भएको अडियो रेकर्डका कारण यो विषय थप चर्चामा आएको छ ।

यसैबीच नायक पलले तथ्यहीन लाञ्छनाका आधारमा आफ्नो र गायिका समीक्षा अधिकारीको व्यावसायिक र व्यक्तिगत जीवनमा धक्का नपुऱ्याइदिन आग्रह गर्नुभएको छ । मंगलबार पलले सामाजिक सञ्जालमार्फत यस्तो अनुरोध गर्नुभएको हो । दर्शकसामु एक सक्षम अभिनेताका रूपमा उभिने प्रयास गर्दागर्दै आफूमाथि बारम्बार प्रहार भएको उहाँको भनाइ छ ।

पलले लेख्नुभएको छ, 'समाजलाई सकारात्मक बाटोतर्फ उन्मुख गराउने प्रकारका गतिविधि र खदिलो, दरिलो मनोरञ्जनात्मक प्रस्तुति लिएर आउने प्रण पनि गर्दछु । तर, नेपाली समाजभित्र संघर्ष गर्न अनेकन बाधा र अड्चन आउने रहेछन् । त्यसमध्येमा कतिपय कृत्रिम समस्या खडा गरी एउटा संघर्षको चरणमा रहेको कलाकारलाई बारम्बार प्रहार हुँदा नमिठो अनुभूति हुँदो रहेछ ।'

यस्तै सार्वजनिक अडियो बारे पनि पलले आफ्नो धारणा राख्नुभएको छ । पलले उक्त अडियोमा सत्यता नरहेको भन्दै आफ्नो आवाजसँग मिलाइएको भन्दै लामो स्टाटस लेख्नुभएको हो । 'अनलाइन माध्यमहरूमा प्रकाशित समाचार र अडियो रेकर्डहरू हेर्दा र सुन्दा म स्वयं आश्चर्यचकित भएको छु । प्रसारित अडियो रेकर्डमा बज्ने आवाज मेरो आवाजसँग मिलेको जस्तो भए तापनि उक्त आवज मेरो हो भन्नेमा पूर्ण शंका रहेको, प्रविधिको कुटिल प्रयोगमार्फत जस्तोसुकै र जोसुकैको आवाजलाई भिन्नभिन्न ढंगबाट प्रयोग गर्न सकिने कुरा सामान्य भइसकेको छ', पलले लेख्नुभएको छ, 'फरक प्रसंग तथा चलचित्रमा अभिनय गर्ने भन्ने क्रममा रेकर्ड गरिएका सम्वादहरूलाई हाम्रो बास्तविक जीवनसँग जोड्ने प्रयासमा रहनुभएका मेरा केही पुरुष सहकर्मी (व्यावसायिक प्रतिस्पर्धी) ले निज गायिकालाई मेराविरुद्ध बोल्न, प्रमाण सिर्जना गर्न लगातार उकास्ने गरेको जानकारी मलाई थियो, निज निर्दोष गायिकाले मेरा पुरुष सहकर्मीहरूले उकासे बमोजिम नै गर्दै गएको भन्ने कुरा पछिल्लो मिडिया रिर्पोटले थप पुष्टि गरेको छ ।'

नायक पलले आफूसँग भएका प्रमाणहरू आधिकारिक निकायले मागेको खण्डमा पेश गर्ने बताउनुभएको छ । उहाँले गायिका समीक्षालाई पटकपटक कसैले उकासेको आरोप लगाउनुभएको छ । पलले लेख्नुभएको छ, 'मेरा सम्पूर्ण दर्शक महानुभावहरूको म प्रतिको भरोसालाई अक्षुण राख्न, निज गायिकालाई मेरा प्रतिस्पर्धी साथीले उकासेको अडियोलगायत अन्य प्रमाण मसँग सुरक्षित रहेको र ती सबुत प्रमाण आधिकारिक निकायले माग गरेको खण्डमा पेश गर्नेछु भन्ने प्रतिबद्धता व्यक्त गर्दै म र मसँग नाम जोडेर प्रकाशित उल्लेखि समाचारहरू वास्तविकता भन्दा धेरै टाढा रहेको हुँदा सोबाट भ्रमित नहुन हार्दिक अपिल गर्दछु ।'

तर, यता १७ वर्षीया गायिका समीक्षाले अभिनेता पल र आफू विवाह गर्ने भनेर प्रेममा बाँधिएको भन्दै पलले आफू र आफ्नो परिवारलाई धोका दिएको आरोप लगाउनुभएको छ । पल टाढिन थालेपछि आफूले पटक-पटक कानुनी उपचार खोज्ने प्रयास गरे पनि फसिने डरले त्यसतर्फ नलागेको समीक्षाको भनाइ छ ।

# भीष्मराज फुलाराको चौथो कृति 'वासुदा' लोकर्पण



**काठमाडौं/हिटा ।** गीतकार तथा साहित्यकार भीष्मराज फुलाराको चौथो कृति 'वासुदा' हालै राजधानीमा आयोजित एक कार्यक्रम बीच लोकार्पण गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि गीतकार तथा साहित्यकार डा.नवराज लम्साल, विशेष अतिथि एटर्नी एट ल, अधिवक्ता वासुदेव फुलारा, लेखक भीष्मराज फुलारालगायतले उपन्यास सार्वजनिक गर्नुभएको हो । सो अवसरमा लोकार्पण पुस्तकको उपप्रा. ज्ञाननिष्ठ ज्ञवालीले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

एक संघर्षशील युवाको जीवनकथामा आधारित उपन्यासमा मूल पात्र वासुदामा एकैपटक देखिएका चुनौतीहरूको सामना गर्ने साहस भएका कारण जीवन सफल भएको कथा बुनिएको छ ।

वासुदाको संघर्षमा साथ दिने अन्य पात्रहरूलाई पनि महत्त्वपूर्ण रूपमा पुस्तकमा प्रस्तुत गरिएको छ । फुलारा लिटरेचर फाउण्डेशन नेपालद्वारा प्रकाशित २४३ पृष्ठको उपन्यास बाक्लो गाताको ५५० र साधारण गाताको ३५५ रुपैयाँ मूल्य राखिएको छ ।

फुलाराका यसअघि 'नफापेको मान्छे' (उपन्यास), 'टुहुरो कुण्डली' (उपन्यास), 'नेपाली भाषा र साहित्यको इतिहास : त्यहाँदेखि यहाँसम्म', 'ओरपान हरस्कोप' अंग्रेजी पुस्तक जस्ता कृति पाठकमाझ आइसकेका छन् । यस्तै उहाँका 'जुनसरी बिलाई गयौं...', 'कस्तो भाइरस आयो...', 'हमेशा...', 'भाग्य भित्र जीवन...', 'आँसु पिउँदै...' लगायत गीत लोकप्रिय रहेका छन् ।

# रूसले युक्रेनका लुहान्सक र दोनेत्स्कलाई स्वतन्त्र देशको मान्यता दिएपछि विवाद

**एजेन्सी**
**मस्को, १० फागुन**

पश्चिमा देशहरूलाई थप तनाव दिनेगरी रूसले युक्रेनबाट स्वतन्त्र भएको घोषणा गरेका दुईवटा क्षेत्रलाई मान्यता दिएको छ । सोमबार राति टेलिभिजनबाट सन्देश दिँदै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वी युक्रेनमा अवस्थित दोनेत्स्क र लुहान्स्कलाई छुट्टै देशको मान्यता दिने र उनीहरूसँग कूटनीतिक सम्बन्ध गाँस्ने घोषणा गर्नुभएको हो ।



त्यस लगत्तै राष्ट्रपति पुटिनले ती दुई क्षेत्रमा रुसी सेना पठाउने आदेश पनि जारी गर्नुभएको छ । पुटिनले युक्रेनका यी दुई क्षेत्रलाई स्वतन्त्र देशको मान्यता दिएपछि विवाद चर्किएको छ ।

स्वतन्त्र देशको मान्यता दिएसँगै अब यी क्षेत्रमा रूसी सेना प्रवेश गरेर शान्ति कायम गर्न प्रयास गर्ने आदेशसमेत पुटिनले दिनुभएको छ । रूसी राष्ट्रपति पुटिनको पछिल्लो कदमसँगै युक्रेन-रूस विवाद झन् उत्कर्षमा पुगेको छ ।

अमेरिकाले लगातार रूसले युक्रेनमाथि आक्रमण गर्न सक्छ भनिरहेको छ । तर, रूसले भने आक्रमण गर्ने दाबी अस्वीकार गर्दै आएको छ । रूसले युक्रेनको सीमामा एक लाखभन्दा धेरै सैनिक तैनाथ गरेर राखेको छ । यस्तोमा अब रूसले यी दुई क्षेत्रलाई स्वतन्त्र देशको मान्यता दिएपछि रूसले युक्रेनमाथि आक्रमण गर्ने बाटो खुलेको र रूसले युक्रेनमाथि आक्रमण गरेको अवस्थामा पनि अरु देशले हस्तक्षेप गर्न नसक्ने स्थिति सिर्जना भएको विश्वलेषण गरिएको छ । यही कारण विश्व राजनीतिमा तरंग आएको छ ।

समाचार एजेन्सी रोयटर्सको एक रिपोर्टअनुसार लुहान्स्क र दोनोत्स्क क्षेत्रमा रूस समर्थित पृथकतावादीको नियन्त्रण छ । यी दुई क्षेत्रहरूलाई सामूहिक रूपमा डोनबास भनेर चिनिन्छ । यी क्षेत्र २०१४ मा युक्रेन सरकारको नियन्त्रणबाट अलग भएका थिए र आफूलाई स्वतन्त्र जनताको गणराज्यको रूपमा घोषणा गरेका थिए । यो स्वघोषित गणराज्यले अहिलेसम्म अन्तर्राष्ट्रिय मान्यता पाएको थिएन तर अहिले रूसी राष्ट्रपति पुटिनले यो गणराज्यलाई अलग स्वतन्त्र देशको रूपमा मान्यता दिनुभएको छ ।

उता, अमेरिकाको मागअनुसार संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को बैठक बोलाइएको छ । दोनेत्स्क र लुहान्स्कमा रूसी सेनाको उपस्थितिको विषयमा सुरक्षा परिषद्मा छलफल हुनेछ । एक अमेरिकी अधिकारीले पुटिन आफैंले खडा गरेको द्वन्द्वलाई तीव्रता दिएको आरोप लगाएका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनिओ गुटेरस र युरोपेली संघले रूसी कदमलाई अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन बताउनुभएको छ ।

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी काठमाडौं**

**विद्युतीय दरभाउपत्र/बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति : २०७८/११/११ (Feb-23, 2022)**

यस कार्यालयको तपशिल बमोजिमको कार्यहरु विद्युतीय दरभाउपत्र/बोलपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त आपुर्तिकर्ता/निर्माण ब्यबसायीहरुबाट रितपूर्वक दरभाउपत्र/बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाईट www. tokhamun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | लागत अनुमान रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|---|---|---|
| 34/NCB/TM/G/2078-79 | Bajaj showroom-Lomas chowk-Naams school-Shiva mandir-Tokiyo bazar ma CCTV jadan karya ward-09 | १,००० | ४८,०००/०० | ७५ दिन | फाल्गुन २६, २०७८ (Mar-10, 2022) मध्यान्ह १२ बजे | फाल्गुन २६, २०७८ (Mar-10, 2022) दिनको १ बजे | १७,०९,३२९/०५ |
| 35/NCB/TM/G/2078-79 | Prayas nagar-jyoti margh-pragati nagar-nawajyoti-sorgadwari-tokiyo bazar-naams school ma CCTV ra street light jadan ward-10 | १,००० | ३६,०००/०० | ७५ दिन | | | १२,८१,८४९/३५ |
| 36/NCB/TM/W/2078-79 | Gorakhkali Mandir Nirman, ward-11 | ३,००० | १,७७,०००/०० | १२० दिन | चैत्र ११, २०७८ (Mar-25, 2022) मध्यान्ह १२ बजे | चैत्र ११, २०७८ (Mar-25, 2022) दिनको १ बजे | ६३,०७,७८१/८० |

**प्रमुख प्रशासकीय अधिकृत**

**INVITATION FOR BIDS**

**Molung Rural Municipality**
**Office of the Municipal Executive**
Prapcha, Okhaldhunga

**Invitation for Bids for the Construction of Road**

First Date of Publication: 22-02-2022

1. **The Government of Province No.1 and Molung Rural Municipality** has combinely allocated funds to Molung Rural Municipality for **Construction of Road** under National Competitive Bidding-electronic bids single-stage: One-Envelope Bidding procedures.
2. Bidding documents is available on www.bolpatra.gov.np for eligible Bidders and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the last date of purchase of bidding document 24-03-2022.
3. Bids must be submitted through www.bolpatra.gov.np, before 12:00 noon on 24-03-2022. Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Molung Rural Municipality on on 24-03-2022. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, which shall be valid for **30 days** beyond the bid validity period.
5. Bidder has to deposit Bid document fee in Deposit **Account No. 0880515147703008, Molung GAU KAARYAPAALIKA GA-1.1, ANTARIK RAJASHWO KHATA, SUNRISE BANK LIMITED, MOLUNG BRANCH, PRAPCHA, OKHALDHUNGA)** and submit/upload bank deposit voucher along with the bid. If bidder wishes to submit the Bid Security Amount in the form of cash, bidder has to deposit cash in Deposit **Account No. 0880515147703002, MOLUNG GAU KARYAPALIKA GA 3 DHARAUTI KHATA** and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Work name,Contract No. and identification of the contract are as follows:-

| Name of Construction work | IFB/Contract No. | Estimated Amount (including VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. | Last date& time for bid purchase & Submission | Last date & time for bid Opening |
|---|---|---|---|---|---|---|
| Construction of Thumki-Gope-Urleni-Majhkhark-Kakani Dharmik Paryatakiya Sadak | MOLUNG.RM.NCB.ROAD.02/078.079 | 7,000,423.92 | 170,000.00 | 3,000.00 | 24-03-2022 (12:00noon) | 24-03-2022 (2:00 pm) |
| Construction of Saimal-Kornam-Majhkharka-Sadak Yojana Molung-8, Ragadip | MOLUNG.RM.NCB.ROAD.03/078.079 | 7,001989.00 | 170,000.00 | 3,000.00 | 24-03-2022 (12:00noon) | 24-03-2022 (2:30 pm) |

**A. Chief Administrative Officer**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा**

**बोलपत्रको म्याद थप सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८।११।११**

यस आयोजना कार्यालयबाट ठे.नं. **PUDBC/Parsa/Works/NCB/45/078/079** को निर्माण कार्यको लागि मिति २०७८।०९।२८ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाबाट e-GP मार्फत बोलपत्र आह्वान भएकोमा उक्त योजनाको विषयमा सम्बन्धित स्थानीय तहबाट कार्य प्रकृतिमा केही संशोधन गरिदिन माग भएकोले संशोधन को लागि थप समय लाग्ने भएकोले हाललाई बोलपत्रको अन्तिम म्याद मिति २०७८।१२।२० सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**रूपन्देही**

**संशोधन सम्बन्धी सूचना**

यस आयोजना कार्यालयबाट मिति २०७८/११/०९ गते हिमालय टाइम्समा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा खरिद नं. DUDBC/FPIURupandehi/Works/NCB/21-078/79 को स्वीकृति हुने फर्म Kasthamandap-Tirupati J.V Sunawal, Nawalparasi को कबोल अंक रु. ३,२६,७९,८०६।४३ र खरिद नं. DUDBC/FPIURupandehi/Works/NCB/25-078/79 को स्वीकृति हुने फर्म Pradip/Thapa J.V., Butwal 4, Rupandehi को कबोल अंक रु.२,५८,९४,६५५।१८ हुनुपर्नेमा अन्यथा उल्लेख हुन गएकोले संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आयोजना प्रमुख**